# नेपालको सन्दर्भमा बौद्धिक सम्पत्ति अधिकार

**मानिसले आफ्नो विवेक र ज्ञान प्रयोग गरेर सिर्जना गरेको सम्पत्तिलाई बौद्धिक सम्पत्ति भनिन्छ । खास गरी साहित्यिक र कलात्मक तथा प्रविधिमूलक नवीन सिर्जनाहरू नै बौद्धिक सम्पत्ति हुन् । आज विश्व व्यापार संगठनको दायराभित्र वस्तु र व्यापार मात्र नभई बौद्धिक सम्पत्ति पनि पर्दछ । त्यसैले विभिन्न कानूनी, नीतिगत तथा संस्थागत अभ्यासहरूमार्फत् बौद्धिक सम्पत्तिमाथिको अधिकार संरक्षण गर्ने प्रतिबद्धता नेपालले विश्व व्यापार संगठन समक्ष गरेको छ ।**

## बौद्धिक सम्पत्ति

सामान्य अर्थमा बौद्धिक सम्पत्ति भन्नाले मानिसको बौद्धिक सिर्जनात्मक कार्य भन्ने बुझिन्छ । बौद्धिक सम्पत्ति अधिकार (Intellectual Property Right–IPR) भनेको बौद्धिक सिर्जना गरेवापत राज्यले त्यसमा सो व्यक्तिलाई दिने अधिकार हो । बौद्धिक सम्पत्ति अधिकारका कारणबाट यसका सिर्जनाकारले आफ्नो सिर्जनाको निर्धक्क भएर भोगचलन, बिक्री-वितरण तथा प्रकाशन गर्न पाउँदछ । यस अधिकारअनुसार यस्तो सम्पत्ति धनीको अनुमतिबिना तेस्रो पक्षले प्रयोग गर्न, बिक्री गर्न र भण्डारण गर्न पाउँदैन । त्यस्तै अरूले चोरी, नक्कल वा दुरुपयोग गर्ला र आफनो हक र फाइदा गुम्ला भन्ने डर हुँदैन । बौद्धिक सम्पत्ति अधिकारलाई व्यवस्थित गर्नका लागि राज्यले विभिन्न नियम, कानून र नीतिगत संरचनाको व्यवस्थापन गरेको हुन्छ । सिर्जनात्मक र अनुसन्धानात्मक कामको संरक्षण तथा स्रष्टालाई प्रोत्साहन गरी स्रष्टा र समाज दुवैको हित र उन्नति गर्नु बौद्धिक सम्पत्ति व्यवस्थापनको आदर्श पक्ष हो । यसका लागि राष्ट्रिय नियम, कानून र व्यवस्था मात्र होइन, विभिन्न अन्तर्राष्ट्रिय मापदण्ड र पद्धतिको समेत विकास भएको छ । बौद्धिक सम्पत्तिको व्यवस्थाले मुलुकको आर्थिक, प्राविधिक र साँस्कृतिक विकास मात्र होइन अन्तर्राष्ट्रिय व्यापारलाई समेत टेवा पुऱ्याउने हुँदा यसलाई विकासको एउटा पाटोका रूपमा लिइन्छ । बौद्धिक सिर्जना र नयाँ नयाँ आविष्कार नभएको भए आज विश्वमा जुन विकास भएको छ त्यो हुने थिएन भने भविष्यमा थप विकास र उन्नति हुन्छ भनी आशा पनि गर्न सकिने थिएन । तसर्थ कुनै पनि मुलुक र समाजको विकास र उन्नतिमा बौद्धिक सम्पत्ति व्यवस्थापनको ठूलो योगदान रहन्छ ।

बौद्धिक सम्पत्तिलाई मुख्य रूपमा दुई भागमा विभाजन गरेर अध्ययन र व्यवस्थापन गरिन्छ–प्रतिलिपि र प्रतिलिपिसम्बन्धी बौद्धिक सम्पत्ति अधिकारहरू र औद्योगिक सम्पत्ति अधिकार ।

## प्रतिलिपि र प्रतिलिपिसम्बन्धी अधिकारहरू

प्रतिलिपि अधिकारअन्तर्गत साहित्यिक र कलात्मक क्षेत्रमा भएका मौलिक सिर्जनात्मक कार्यहरू संरक्षित हुन्छन् । यस्ता सिर्जनात्मक कार्यहरू शब्द, संकेत, संगीत, चित्र, बहुआयामिक वस्तु वा यिनीहरूको संयोजन हुन सक्दछन् । व्यवहारिक रूपमा भन्नुपर्दा साहित्यिक, सांगितिक, कोरियोग्राफिक, फोटोग्राफिक, श्रव्यदृश्य चित्र, अनुवाद र संकलनसम्बन्धी, उपयोगी कलात्मक कार्यहरू, रेकर्डिङ र प्रसारणसम्बन्धी कार्यहरूसमेत यस अधिकारको दायराले समेट्दछ । यस अन्तर्गत सामान्यतया उल्लिखित साहित्यिक र कलात्मक कार्यको उपयोग अरूले गर्दा धनीको पूर्वस्वीकृति लिनुपर्ने कानूनी प्रावधान छ ।

नेपालमा साहित्यिक र कलात्मक सम्पत्तिसम्बन्धी व्यवस्थाको सुरुवात प्रतिलिपि अधिकार ऐन, २०२२ लागू भएपछि भएको हो । हालको अन्तर्राष्ट्रिय पद्धतिअनुरूप तयार पारिएको नयाँ प्रतिलिपि अधिकार ऐन, २०५९ ले साहित्यिक, कलात्मक र अनुसन्धानात्मक रचनाहरू, नाटक, चलचित्रलगायत श्रव्यदृश्य रचना, चित्र तथा मूर्ति, नक्सा, फोटोजन्य रचना, कम्प्यूटर प्रोग्रामसम्बन्धी कार्यहरूको संरक्षणको व्यवस्था गरेको छ ।

ऐनअनुसार कुनै पनि रचनालाई प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुनेछ । प्रतिलिपि अधिकार प्राप्त गर्न कुनै पनि रचना, ध्वनि अङ्कन प्रस्तुति वा प्रसारण दर्ता गराउनु अनिवार्य गरिएको छैन । स्वेच्छाले दर्ता गराउन चाहेमा दर्ता हुनेछ । प्रतिलिपि अधिकार ऐनले कुनै पनि रचनाको धनीलाई आर्थिक र नैतिक अधिकार प्राप्त हुने व्यवस्था गरेको छ । प्रतिलिपि अधिकारअनुसारको आर्थिक अधिकारअन्तर्गत रचनाको पुनरूत्पादन, अनुवाद, परिमार्जन, संशोधन, रूपान्तरण गर्ने; बिक्री वितरण वा बहालमा दिने, आयात गर्ने, प्रदर्शन, प्रसारण वा सञ्चार गर्ने आदि कुराको अधिकार

रचनाको धनीलाई हुनेछ । नैतिक अधिकारअन्तर्गत आफ्नो रचनाको नाम वा छद्म नाम उल्लेख गर्न लगाउने, रचनाको सम्मान वा ख्यातिमा असर पार्नेजस्ता कार्य रोक्ने र आफ्नो रचनाको संशोधन वा परिमार्जन गर्ने आदि कुरा समेटिएका छन् । यसै गरी प्रतिलिपि अधिकार ऐनले प्रस्तोताको ध्वनि अङ्कनको प्रसारण गर्ने संस्थाको अधिकारको पनि स्पष्ट व्यवस्था गरेको छ ।

### प्रतिलिपि अधिकारको संरक्षण अवधि

प्रतिलिपि अधिकारअन्तर्गत रचयिताको जीवनभर र मृत्यु भएमा मृत्यु भएको वर्षबाट ५० वर्षसम्म संरक्षित हुनेछ । अरूले लाए-अराएबमोजिम तयार पारिएको रचना र बेनामी वा छद्मनामी रचना तथा रचयिताको मृत्युपछि प्रकाशित रचनाको हकमा भने प्रतिलिपि अधिकार भने प्रकाशन भएको मितिले ५० वर्षसम्म संरक्षित रहने व्यवस्था ऐनले गरेको छ । व्यवहारिक कला र फोटोजन्य रचनाको प्रतिलिपि अधिकार पनि २५ वर्षसम्म सुरक्षित रहने व्यवस्था छ ।

### प्रतिलिपि अधिकारको उल्लंघन र दण्ड

प्रतिलिपि अधिकार ऐनले अनुमति बिना अरूको रचना वा ध्वनि अङ्कनको प्रतिलिपि उत्पादन गरी बिक्री-वितरण वा सार्वजनिक सञ्चार गरेमा, भाडामा दिएमा, अरूको रचनाको ख्यातिमा असर पुऱ्याउने किसिमले अनुकरण गरी विज्ञापन वा प्रचारप्रसार गरेमा प्रतिलिपि अधिकारको उल्लंघन गरेको मानिने व्यवस्था गरेको छ । प्रतिलिपि अधिकार संरक्षण व्यवस्थालाई प्रतिकूल असर पार्ने अनधिकृत पुनरूत्पादन गर्ने यन्त्र, उपकरण वा माध्यमको आयात, उत्पादन, बिक्री वितरण वा प्रयोग गर्न पनि नहुने कुरा ऐनमा उल्लेख छ । यसैगरी अनधिकृत प्रतिलिपिहरूको पैठारीमा पनि ऐनले प्रतिबन्ध लगाएको छ ।

प्रतिलिपि अधिकारको उल्लंघन गरेमा कसूरको मात्राअनुसार १० हजारदेखि १ लाख रूपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ । दोस्रो पटकदेखि पटकैपिच्छे २० हजारदेखि २ लाख रूपैयाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुने र यस्तो कार्यमा प्रयोग गरिएका सामग्रीहरू जफत हुने व्यवस्था पनि ऐनले गरेको देखिन्छ । प्रतिलिपि अधिकार उल्लंघन हुने गरी पैठारी गरेको हकमा त्यस्तो वस्तु जफत गरी कसुरको मात्राअनुसार १० हजार देखि १ लाख रूपैयाँसम्म जरिवाना हुने र प्रतिलिपि अधिकारको धनीलाई परेको नोक्सानीको क्षतिपूर्ति भराइदिने व्यवस्था छ ।

### प्रशासनिक व्यवस्था

प्रतिलिपि अधिकार ऐनले ऐनको उद्देश्यपूर्तिका लागि तोकिएबमोजिमको काम गर्न रजिष्ट्रारको व्यवस्था गरेको छ र प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालय स्थापना भएको छ । यसै गरी रोयल्टी संकलन संस्थाको व्यवस्था पनि ऐनले नै गरेको छ । प्रतिलिपि अधिकार उल्लघंनसम्बन्धी मुद्दाको कारबाही र किनारा जिल्ला अदालतबाट हुने, तहकिकात र अनुसन्धान प्रहरी अधिकृतबाट हुने र अनधिकृत प्रतिलिपिको पैठारीमा भन्सार अधिकृतले रोक लगाउन सक्नेजस्ता व्यवस्था रहेका छन् । प्रतिलिपि अधिकार ऐन संशोधन भएपनि प्रतिलिपि अधिकार नियमावली पूर्ण रूपमा लागू नभएसम्म प्रतिलिपि अधिकारको संरक्षण प्रभावकारी हुन सक्दैन ।

## औद्योगिक सम्पत्ति

बौद्धिक सम्पत्तिको अर्को महत्त्वपूर्ण पक्ष औद्योगिक सम्पत्ति हो । औद्योगिक सम्पत्ति भनेको विभिन्न प्राविधिक आविष्कारमा पेटेन्ट, वस्तुको नौलो डिजाइन र वस्तु वा सेवामा प्रयोग हुने विभिन्न चिन्हहरू हुन् ।

### नेपालमा औद्योगिक सम्पत्तिसम्बन्धी व्यवस्था

नेपालमा औद्योगिक सम्पत्तिको संरक्षण तथा संवर्द्धन गर्न कानूनी

#### कोष्ठक १: औद्योगिक सम्पत्तिका उदाहरणहरू

**पेटेन्ट (Patent):** बौद्धिक सम्पत्ति अधिकारका विभिन्न प्रकार मध्ये पेटेन्ट पनि एक हो । पेटेन्ट अधिकार वस्तु (product)— कुनै नयाँ औषधि–वस्तु बनाउने प्रक्रिया (process)–कुनै नयाँ औषधि बनाउने प्रक्रिया– दुवैमा दिइन्छ वा लिन सकिन्छ । यदि कुनै आविष्कार नयाँ भएमा र यसको औद्योगिक उपयोग हुन सक्छ भने पेटेन्ट स्वीकृति प्रदान हुन सक्छ । पेटेन्ट, कुनै व्यक्ति वा संस्थाद्वारा आविष्कार गरिएको वस्तु वा प्रक्रियालाई जनसेवामा ल्याई व्यापारिक तवरले प्रयोग गर्न उत्प्रेरित गर्ने मनसायले प्रदान गरिन्छ ।

**डिजाइन (Design):** वस्तुको आकृतिविशेषको नौलो सिर्जना नै डिजाइन हो । यस्तो डिजाइन रंगरेखा आदिको संयोजन गरेर वा कुनै सामग्री, वस्तु आदि जडेर, बुनेर वा कुँदेर पनि तयार पारिएको हुन सक्छ । डिजाइन आँखाले देख्न सक्ने हुनुपर्दछ ।

**चिन्ह (Mark):** कुनै उद्यमी वा व्यवसायीले आफूले उत्पादन वा बिक्री-वितरण गर्ने वस्तु वा सेवालाई अरूको भन्दा भिन्न रूपमा देखाउन वा चिनाउन प्रयोग गर्ने संकेतलाई नै चिन्ह भनिन्छ । यस्तो चिन्ह शब्द, अक्षर, अंक, चित्र, रंगाई वा छपाई वा यी कुराहरूको संयोजन पनि हुन सक्छ । चिन्ह सामान्यतया आँखाले देख्न सक्ने हुनुपर्छ भनिन्छ । तर अचेल श्रव्य वा गन्धको संकेतलाई पनि चिन्हको रूपमा लिनुपर्छ भन्ने मान्यता विकास भएको पाइन्छ । चिन्ह, वस्तुमा प्रयोग हुने भएमा व्यापार चिन्ह (trademark) भनिन्छ भने सेवा कार्यमा प्रयोग हुने भएमा सेवा चिन्ह (servicemark) भनिन्छ । यसैगरी कुनै व्यवसायीहरूले आफूले उत्पादन वा बिक्री वितरण गर्ने वस्तु वा सेवाका समान गुण वा विशेषता जाहेर गर्न प्रयोग गरिने चिन्हलाई (collective mark) भनिन्छ । व्यवसायी संस्थाको नामलाई पनि औद्योगिक सम्पत्तिका रूपमा लिइन्छ । यसलाई व्यापारिक नाम (trade name) का रूपमा संरक्षण प्राप्त हुनसक्छ ।

**भौगोलिक उत्पत्तिको चिन्ह (Geographical indication):** कुनै भौगोलिक क्षेत्रमा उत्पादन हुनाको कारणले वस्तुमा खास गुण, विशेषता वा ख्याति विद्यमान छ भन्ने जाहेर गर्न प्रयोग गरिने चिन्हलाई भौगोलिक उत्पत्तिको चिन्ह (geographical indicaton) भनिन्छ । उदाहरणको लागि इलामको चिया । यस्ता अधिकारहरूको संरक्षण अनिश्चितकालीन हुन्छ तर यसका लागि प्रयोग गरिएको चिन्ह सधैं अरूभन्दा भिन्न हुनुपर्दछ ।


© सावती, २०६५

व्यवस्थाको प्रारम्भ वि. सं. १९९३ देखि नै भएको हो । त्यसबेलाको पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐनलाई २०२२ सालमा नयाँ ऐन ल्याएर प्रतिस्थापन गरियो । पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दुई पटक संशोधन भई हालसम्म कार्यान्वयन भइरहेको छ । साबिक ऐनले स्वदेशीलाई मात्र औद्योगिक सम्पत्तिको कानूनी संरक्षण प्रदान गरेकोमा २०२२ सालको ऐनले विदेशीहरूले पनि आफ्नो औद्योगिक सम्पत्ति नेपालमा दर्ता गराई कानूनी रूपमा हक संरक्षण गर्न पाउने व्यवस्था गरेको छ ।

## पेटेन्ट दर्ता

पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ अनुसार कुनै आविष्कारक वा अधिकारप्राप्त व्यक्तिले आफ्नो आविष्कारको पेटेन्टका लागि पूर्ण विवरणसहित आविष्कारको दावी खुलाई आवेदन दिनुपर्दछ । उद्योग विभागले यस्तो आवेदन परीक्षण गर्नेछ । साथै आविष्कारको सरोकार राख्ने क्षेत्रका विशेषज्ञहरूसमेत सम्मिलित समितिको सिफारिसमा पेटेन्ट दर्ता गरिन्छ । यस्तो आवेदनकर्ता विदेशी भएमा र आवेदकले अन्य देशमा दर्ता गराएको प्रमाण पेश गरेमा विभागले परीक्षण नगरीकनै पनि पेटेन्ट दर्ता गर्न सक्ने व्यवस्था छ । पेटेन्ट दर्ता भएपछि ७ वर्षसम्म बहाल रहन्छ र अर्को ७/७ वर्षका लागि दुईपटकसम्म नवीकरण हुन सक्छ । कुनै पेटेन्ट पहिले नै अरूको नाममा दर्ता भएको भए आवेदक आविष्कारक वा अधिकारप्राप्त व्यक्ति नभएमा र त्यस्तो पेटेन्टबाट जनस्वास्थ्य, राष्ट्रिय हित वा सार्वजनिक नैतिकता र मर्यादामा प्रतिकूल असर पर्ने भएमा त्यस्तो पेटेन्ट दर्ता गर्न विभागले अस्वीकार गर्न सक्ने व्यवस्था रहेको छ । नेपालमा पेटेन्ट दर्ता गर्ने प्रचलन ज्यादै नगण्य छ र जे जति दर्ताका लागि प्रस्तुत हुन्छन् तिनको परीक्षण र जाँचबुझका लागि पर्याप्त सूचना, तथ्यांक र दक्ष जनशक्तिको समेत अभाव रहँदै आएको छ ।

## डिजाइन दर्ता

पेटेन्ट र डिजाइन दर्ताको प्रक्रिया समान छ । नेपालमा उत्पादन गरिने वस्तुका आकार-प्रकार र स्वरूपको नौलोपनाउपर कानूनी संरक्षण र हक खोज्ने प्रवृत्ति देखिँदैन । यस्ता वस्तुका डिजाइनको ख्याति (goodwill) हुन्छ । यसले व्यवसायको उन्नति-अवनतिमा ठूलो भूमिका राख्दछ भन्ने चेतना नेपाली उद्यमी-व्यवसायीहरूमा कम मात्रामा भएको पाइन्छ । पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐनअनुसार कुनै वस्तुको नवीन डिजाइन दर्ताका लागि तोकिएको दस्तुरसहित डिजाइनको पूर्ण विवरण र त्यसमा डिजाइनकर्ताको नवीनताको दाबीसहित आवेदन गर्नुपर्दछ । विभागले आवश्यक जाँचबुझ र परीक्षण एवम् विशेषज्ञहरू सम्मिलित समितिको सिफारिसमा यस्तो डिजाइन दर्ता गर्ने वा नगर्ने निर्णय गर्दछ । दर्ता भएको डिजाइन ५ वर्षको लागि बहाल रहन्छ । अर्को ५/५ वर्षका लागि दुई पटक नवीकरण गराउन सकिन्छ ।

## चिन्ह दर्ता

वस्तुमा प्रयोग हुने व्यापार चिन्ह (trademark) र सेवा कार्यमा प्रयोग हुने सेवा चिन्ह (servicemark) अन्तर्राष्ट्रिय वर्गीकरण (NICE Classification) अनुसार नेपालमा दर्ता गर्ने प्रचलन रहेको छ । चिन्ह दर्ता गराउन चाहनेले तोकिएको दस्तुरसहित चिन्हको नमुना र प्रयोग हुने वस्तु एवम् अन्तर्राष्ट्रिय वर्ग खुलाई आवेदन दिनुपर्छ । यस्तो चिन्ह विभागले आवश्यक परीक्षण एवम् जाँचबुझ गरी दर्ता गर्ने वा नगर्ने निर्णय गर्दछ । दर्ता भएको चिन्ह ७ वर्षका लागि बहाल रहन्छ र हरेक ७/७ वर्षका लागि नवीकरण गराउन सकिन्छ । दर्ता भएको एक वर्ष भित्र प्रयोगमा नआएमा यस्तो दर्ता भएका चिन्ह विभागले खारेज गर्न सक्छ । कुनै चिन्ह अन्य दर्ता भएका वा जानपहिचानमा रहेका चिन्हसँग मिल्दोजुल्दो भएमा वा जनस्वास्थ्य, सार्वजनिक मर्यादा, नैतिकता एवम् सदाचार खलल पार्ने खालको भएमा तथा राष्ट्रिय हितको प्रतिकूल हुने भएमा दर्ताका लागि योग्य मानिँदैन ।

**तालिका १: आर्थिक वर्ष २०६३/६४ सम्म दर्ता भएका पेटेन्ट, डिजाइन र ट्रेडमार्क**

| | कुल दर्ता | विदेशी | स्वदेशी |
|---|---|---|---|
| पेटेन्ट | ६० | ३२ | २८ |
| डिजाइन | ४८ | ३६ | १२ |
| ट्रेडमार्क | २४,२४३ | ९,६०३ | १४,६४० |

*स्रोतः उद्योग विभाग*

## प्रशासकीय व्यवस्था

औद्योगिक सम्पत्तिसम्बन्धी काम कारबाही उद्योग विभागले गर्दछ । पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ अनुसार यी बौद्धिक सम्पत्तिहरूको दर्ता गर्ने, अभिलेख राख्ने तथा औद्योगिक सम्पत्तिसम्बन्धी उजुरी एवम् विवादको सुरूको कारबाही र किनारा गर्ने दायित्व यस विभागले निर्वाह गर्दै आएको छ । विभागमा आर्थिक वर्ष २०६३/६४ सम्म दर्ता भएका पेटेन्ट, डिजाइन र ट्रेडमार्कहरूको विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

साथै विभागले वार्षिक रूपमा दर्ता भएका औद्योगिक सम्पत्तिसम्बन्धी विवरणहरू औद्योगिक सम्पत्ति जर्नलमा प्रकाशित गर्दै आएको छ । विभागले औद्योगिक सम्पत्तिसम्बन्धी व्यवस्थाको विकास, विस्तार र प्रवर्द्धनका लागि विभिन्न गोष्ठी र सेमिनार आयोजना गर्नुका साथै विश्व बौद्धिक सम्पत्ति संगठन (World Intellectual Property Organization–WIPO) को सम्पर्क कार्यालयका रूपमा समेत कार्य गर्दै आएको छ ।

## औद्योगिक सम्पत्तिको हस्तान्तरण

पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ अनुसार पेटेन्ट, डिजाइन र ट्रेडमार्क अन्यलाई प्रयोग गर्न दिने भएमा लिने-दिने दुवै पक्षले संयुक्त रूपमा स्वीकृतिका लागि विभागमा निवेदन दिनुपर्छ । यस्तो निवेदन उपर विभागले तोकिएको दस्तुर लिई स्वीकृति प्रदान गरी नामसारीसमेत गरिदिनुपर्ने व्यवस्था ऐनले गरेको छ ।

कुनै विदेशी पक्षको औद्योगिक सम्पत्तिको हकमा यस्तो औद्योगिक सम्पत्ति प्रयोग गर्ने सम्झौता भने विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनअनुसार स्वीकृति प्रदान गरी अभिलेख राख्ने व्यवस्था छ ।

## औद्योगिक सम्पत्तिको दुरूपयोगउपर कारबाही र सजाय

पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ ले विभागमा दर्ता भएको पेटेन्ट, डिजाइन र ट्रेडमार्क गैरकानूनी रूपमा प्रयोग हुनबाट रोक्नका लागि विभिन्न व्यवस्था गरेको छ ।

- कुनै दर्ता भएको पेटेन्टको बहाल अवधिसम्म पेटेन्ट धनीको

© सावती, २०६५

मन्जुरीबिना अन्यले चलाउन नपाइने र यस प्रावधानको कसैले उल्लंघन गरेमा, त्यस्तो व्यक्तिलाई विभागको आदेशले ५ लाख रूपैयाँसम्म जरिवाना हुने र सो कसुरसँग सम्बन्धित सबै चीज जफत हुने व्यवस्था ऐनले गरेको छ ।

- यसै गरी अरू कसैको नाममा दर्ता भएको कुनै डिजाइन सो व्यक्तिको अनुमति वा नामसारी बिना कसैले उपयोग गर्न वा डिजाइनको नक्कल गरी कुनै चिज-वस्तु बनाउन नपाइने भनेर ऐनमा उल्लेख छ । यस व्यवस्थाको उल्लंघन गरेमा विभागको आदेशले ५० हजार रूपैयाँसम्म जरिवाना र सो कसुरसँग सम्बन्धित सबै वस्तु जफत हुनेछ ।
- ऐनबमोजिम दर्ता भएको ट्रेडमार्कतर्फ प्राप्त हकबमोजिम त्यस्तो दर्ता रहेको ट्रेडमार्क धनीको अनुमति वा नामसारीबिना कसैले उपयोगमा ल्याउन वा नक्कल गरी प्रचलन गर्न नहुने व्यवस्था ऐनले गरेको छ । यस प्रावधानको उल्लंघन गर्ने उपर विभागको आदेशले १ लाख रूपैयाँसम्म जरिवाना र सो कसुरसँग सम्बन्धित सबै मालसामान जफत हुनेछ । विभागले गरेको कुनै निर्णयको आदेश उपर पुनरावेदन अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था ऐनले गरेको छ ।

## सुधारका क्षेत्रहरू

- वर्तमान खुल्ला एवम् उदार अर्थव्यवस्था र विस्तार हुँदै गएको प्राविधिक एवम् व्यापारिक कारोबारका सन्दर्भमा हालको पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ अपर्याप्त भएको महसुस गरिएको छ । यसैगरी विश्व व्यापार संगठन (World Trade Organization– WTO) र विश्व बौद्धिक सम्पत्ति संगठन तथा यी संस्थाहरूको पहलमा भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूमा निर्धारित बौद्धिक सम्पत्ति क्षेत्रमा कायम अन्तर्राष्ट्रिय मान्यता र स्तरअनुरूप हालको ऐन र व्यवस्थामा सुधार एवम् परिमार्जन गर्न आवश्यक देखिन्छ । विशेषगरी विश्व व्यापार संगठनअन्तर्गत रहेको व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकार सम्झौता (Agreement on Trade Related Aspects of Intellectual Property Rights–TRIPS ) को प्रावधानअनुरूप नयाँ बौद्धिक सम्पत्तिसम्बन्धी ऐन-नियमहरूको तर्जुमा गर्नुका साथै संरक्षण अवधिलाई अन्तर्राष्ट्रिय मान्यता अनुरूप बनाउन जरूरी देखिन्छ । हालको प्रतिलिपि अधिकार ऐन परिमार्जित भए पनि यसको कार्यान्वयनलाई प्रभावकारी बनाउन गरिनुपर्ने अन्य व्यवस्था भने भएको पाइँदैन ।
- बौद्धिक सम्पत्तिहरूको दर्ता गर्ने, छानबिन गर्ने, परीक्षण गर्ने कार्य जटिल एवम् प्राविधिक काम हो । यसका लागि पर्याप्त सूचना, तथ्यांक र जानकारीहरूको संकलन र प्रयोग हुनुपर्दछ । साथै अनुभवी र तालिमप्राप्त जनशक्ति पनि त्यति नै आवश्यक हुन्छ । यसैगरी अन्तर्राष्ट्रिय जगत्मा कम्प्युटर प्रविधिको निकै विकास भइसकेको छ । समग्र बौद्धिक सम्पत्तिको प्रशासन संचालन गर्ने दक्ष जनशक्ति, उपयुक्त साधन-स्रोत र प्रविधि, समयानुकूल ऐन नियम आदिले सम्पन्न एक छुट्टै प्रशासकीय संगठन संरचनाको व्यवस्था गर्न जरूरी देखिन्छ ।
- बौद्धिक सम्पत्तिको विचलन र दुरूपयोग आदिको प्रभावकारी नियन्त्रण गरी दोषीलाई उचित सजाय दिनु बौद्धिक सम्पत्ति व्यवस्थाको अर्को महत्त्वपूर्ण पक्ष हो । हालको ऐन-नियम र जनशक्तिबाट यस क्षेत्रमा प्रभावकारिता आउन सकेको देखिँदैन । तसर्थ यसतर्फ पनि पर्याप्त ध्यान जानुपर्ने देखिन्छ । यसमा खास गरी अन्य निकायहरू जस्तै प्रहरी, प्रशासन, भन्सार र अदालतहरूलाई सुसूचित, दक्ष र प्रभावकारी बनाउन अति आवश्यक छ ।
- सुदृढ बौद्धिक सम्पत्ति व्यवस्थाका लागि जनचेतनाको पनि उत्तिकै महत्त्व रहन्छ । बौद्धिक सम्पत्ति दर्ता गराउनुपर्ने, यसबाट कानूनी हक एवम् संरक्षण प्राप्त हुने कुराप्रति कतिपय रचनाकार, उत्पादक एवम् व्यवसायीहरू नै अनभिज्ञ रहेको पाइन्छ । साथै बौद्धिक सम्पत्तिसम्बन्धी जनसाधारण एवम् उपभोक्तावर्गमा उति नै सरोकार र जागरूकता हुनुपर्नेमा नेपालमा यस्को नितान्त अभाव देखिन्छ ।
- बौद्धिक सम्पत्तिसम्बन्धी छुट्टै राष्ट्रिय नीति तर्जुमा गर्न आवश्यक देखिन्छ । यसले विभिन्न क्षेत्र र बौद्धिक सम्पत्ति व्यवस्थाको सम्बन्धलाई परिभाषित गर्दै सहयोग र समन्वयको विस्तार गर्न सक्छ ।
- बौद्धिक सम्पत्तिसम्बन्धी शिक्षा र तालिमलाई विस्तार गर्नुपर्दछ । विभिन्न विषय र तहका पाठ्यक्रमहरूमा यसलाई समावेश गरिनुका साथै छुट्टै विषयका रूपमा समेत यसको अध्ययन गर्ने व्यवस्था हुनुपर्दछ । यसबाट सिर्जनशीलता तथा अनुसन्धान र विकासलाई प्रोत्साहन हुन जान्छ । त्यसैले शैक्षिक, वैज्ञानिक र अनुसन्धानमूलक संस्थाहरू र उद्यमी व्यवसायीहरूबीच सहयोग, समन्वय र सहकार्य हुन जरूरी छ ।
- परम्परागत ज्ञान, कला तथा जैविक स्रोतको संरक्षण, अनुसन्धान, विकास र व्यवसायिक उपयोग गरी लाभ लिने र दिने वातावरण बनाउनुपर्दछ ।
- बौद्धिक सम्पत्तिसँग सरोकार राख्ने विभिन्न संघ-संस्थाहरूको स्थापना गर्नुपर्दछ । ■

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुहरूमा अनुसन्धान र वकालत तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सन् १९९४ मा स्थापना गरिएको दक्षिण एशियाली राष्ट्रका ११ वटा संस्थाको क्षेत्रीय सञ्जाल हो ।

लेखकः बिसु कुमार के. सी., निर्देशक, घरेलु तथा साना उद्योग विभाग, नेपाल सरकार
प्रकाशकः साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती)
कार्यक्रमः एम. एस. नेपालको सहयोगमा संचालित Grassroots and Policy Linkage on WTO Issues (GRAPOL) Project
डिजाइनः इफेक्ट्
मुद्रकः जगदम्बा प्रेस, काठमाडौं

यस जानकारीपत्रमा उल्लेखित विचार तथा मान्यता लेखककै हुन् ।